
# लेखापरीक्षण प्रतिवेदन

## केदारस्युँ गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## केदारस्युँ गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/291

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
केदारस्युँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बझाङ ।

## कैफियतसहितको राय

हामीले केदारस्युँ गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड ७३ लाख ७५ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१३ लाख ४१ हजार र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रमको रु.३५ लाख समेत गरी रु.१० करोड २२ लाख १५ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रु.१ अर्ब २३ करोड ५५ लाख ४० हजार लेखापरीक्षण गरिएकोमा रू.२ करोड ४८ लाख ४९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२६ लाखको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.१ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ११ लाख ३१ हजार, र नियमित गर्नुपर्ने रु.९ लाख ७५ हजार रहेको छ। गत वर्षसम्म रु.१३ करोड ५० लाख ५३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड ७३ लाख २ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।

एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४३ | २६ | २,४८,४८,९९० | ० | ९ | २५,९९,५३८ | ० | ४३ | १७ | २,२२,४९,४५२ | १,४३,२२६ | ९,७४,९०५ | २,११,३१,३२१ | ० | ० | २,२१,०६,२२६ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | १३,५०,५२,९९२ | ० | ० | १३,५०,५२,९९२ | ० | २,२२,४९,४५२ | १५,७३,०२,४४४ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४ | संघिय संचितकोष फिर्ता | १३,४५,६८७ |
| २ | २०८०/८१ | २२ | कर कट्टीः | ११,०३,८५२ |
| ३ | २०८०/८१ | २८ | आन्तरिक लेखापरीक्षण | १,४९,९९९ |
| जम्मा | | | | २५,९९,५३८ |

# (८०७७०५०२३०० - केदारस्युँ गाउँपालिका, बझाङ )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ११३.९१ वर्ग किलोमिटर तथा २१३०७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।६ देखि २०८१।५।११सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको यो वर्ष रू.१ अर्ब २३ करोड ५५ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १३६८३०.४२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आन्तरिक आय | ५९२। |
| २ | सामाजिक सुरक्षा | १३६२३८।४२ |

२ **वित्तिय विवरणः**

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,८२,५५,४७२.४६ | ०.०० | ७,८२,५५,४७२.४६ | ८,१८,१३,४९१.४३ | ०.०० | ८,१८,१३,४९१.४ |
| १३००० | अनुदान | | ४१,८१,१२,२६८.३७ | ०.०० | ४१,८१,१२,२६८.३७ | ४७,५९,५८,२९८.५९ | ०.०० | ४७,५९,५८,२९८.५ |
| १४००० | अन्य राजस्व | | ४६,४१,३९६.९४ | ०.०० | ४६,४१,३९६.९४ | ०.०० | ०.०० | ०.० |
| १५००० | विविध प्राप्ति | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.० |
| क | **कुल जम्मा प्राप्ति** | | ५०,१०,०९,१३७.७७ | | ५०,१०,०९,१३७.७७ | ५५,७७,७१,७९०.०२ | | ५५,७७,७१,७९०.० |
| ३ | चालु | | ३७,६६,५७,५०९.१० | ०.०० | ३७,६६,५७,५०९.१० | ४२,३९,७९,४९६.२८ | ०.०० | ४२,३९,७९,४९६.२ |
| २१००० | पारिश्रमिक / सुविधा | | २३,६३,४७,४५०.६७ | ०.०० | २३,६३,४७,४५०.६७ | २२,८५,४२,६७१.९८ | ०.०० | २२,८५,४२,६७१.९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९,६१,५५,८९३.४३ | ०.०० | ९,६१,५५,८९३.४३ | १४,६०,७९,१९४.८६ | ०.०० | १४,६०,७९,१९४.८ |
| २५००० | सहायता (Subsidy) | | ३,९२,२१,८६५.०० | ०.०० | ३,९२,२१,८६५.०० | ३,५७,१५,३८८.०० | ०.०० | ३,५७,१५,३८८.० |
| २६००० | अनुदान | | ०.०० | ०.०० | ०.०० | १,०६,४०,४३६.४४ | ०.०० | १,०६,४०,४३६.४ |
| २७००० | सामाजिक सुरक्षा | | १९,६४,०००.०० | ०.०० | १९,६४,०००.०० | १०,२९,२१५.०० | ०.०० | १०,२९,२१५.० |
| २८००० | अन्य खर्च | | २९,६८,३००.०० | ०.०० | २९,६८,३००.०० | १९,७२,५९०.०० | ०.०० | १९,७२,५९०.० |
| ४ | पूंजीगत | | १२,४५,४६,४६१.०० | ०.०० | १२,४५,४६,४६१.०० | १५,३४,१२,१३२.०५ | ०.०० | १५,३४,१२,१३२.० |
| ३१११० | भवन तथा संरचना | | ७९,८१,९५६.०० | ०.०० | ७९,८१,९५६.०० | ०.०० | ०.०० | ०.० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,८५,७०,११२.०० | ०.०० | १,८५,७०,११२.०० | २९,१९,५२२.०० | ०.०० | २९,१९,५२२.० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १४,६८,९९६.०० | ०.०० | १४,६८,९९६.०० | ९३,९१,८२९.०० | ०.०० | ९३,९१,८२९.० |
| ३११५० | सार्वजनिक निर्माण | | ९,५१,८१,६८१.०० | ०.०० | ९,५१,८१,६८१.०० | १४,११,००,७८१.०५ | ०.०० | १४,११,००,७८१.० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ११,९३,७१६.०० | ०.०० | ११,९३,७१६.०० | ०.०० | ०.०० | ०.० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,५०,०००.०० | ०.०० | १,५०,०००.०० | ०.०० | ०.०० | ०.० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ५०,१२,०३,९७०.१० | | ५०,१२,०३,९७०.१० | ५७,७३,९१,६२८.३३ | | ५७,७३,९१,६२८.३ |
| ग) | **बचत /कमी (ग =** | | (१,९४,८३२.३३) | | (१,९४,८३२.३३) | (१,९६,१९,८३८.३१) | | (१,९६,१९,८३८.३१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **क-ख )** | | | | | | | |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | | १९,०५,५९६.४१ | | १९,०५,५९६.४१ | (२३,८५,५७५.५३) | | (२३,८५,५७५.५३ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | (१२,७५०.००) | | (१२,७५०.००) | (१,४३,८६९.००) | | (१,४३,८६९.०० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | १७,१०,७६४.०८ | | १७,१०,७६४.०८ | (२,२०,०५,४१३.८४) | | (२,२०,०५,४१३.८४ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | २,१९,७२,५५४.०४ | | २,१९,७२,५५४.०४ | ४,३९,७७,९६७.८८ | | ४,३९,७७,९६७.८ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | २,३६,८३,३१८.१२ | | २,३६,८३,३१८.१२ | २,१९,७२,५५४.०४ | | २,१९,७२,५५४.० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षणः**

३.१ **वित्तीय विवरणको विश्लेषण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९७३७४७९७ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम को रु ३५००००० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु १३४०६०७ समेत गरी जम्मा रु. १०२२१५४०४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ० , यस वर्षको प्राप्ति रु. ११९१३७६४२.४७ ,यस वर्षको भुक्तानी रु. ११४१८९०६० र बैङ्क मौज्दात रु. ३०४२९८६.०६ फरक परेको छ । सुत्रमा

पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) | २,१९,७२,५५४.०४ | ५०,१०,०९,१३७.७७ | ५०,१२,०३,९७०.१० | २,३६,८३,३१८.१२ |
| एकीकृत आर्थिक विवरणअनुसार (म्यानुअल) | २,१९,७२,५५४.०४ | ६२०१४६७८०.२४ | ६१५३९३०३०.१ | २६७२६३०४.१८ |
| फरक | ०. | -११९१३७६४२.४७ | -११४१८९०६०. | -३०४२९८६.०६ |

३.३ **बढी जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु २,०५,२५,२५९.०७ मौज्दात रहेकोमा यो वर्ष रु. २,१९,७२,५५४.०४जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १४४७२९४.९७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.४ **बैङ्क मौज्दातः**सुत्र अनुसारको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) अनुसार बैङ्क मौज्दात रु २,३६,८३,३१८.१२ र एकीकृत आर्थिक विवरणअनुसार (म्यानुअल) अनुसार बैङ्क मौज्दात रु २६७२६३०४.१८फरक बैङ्क मौज्दात परेको रु ३०४२९८६.०६सम्बन्धमा वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)मा आम्दानी बाध्नुपर्ने रु ३०४२९८६.०६

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,४२,९८६ |

३.५

**हिसाव समायोजनः** एकीकृत आर्थिक विवरणअनुसार (म्यानुअल)अनुसार गतवर्षको जिम्मेवारी रु २,१९,७२,५५४.०४ यसवर्षको प्राप्ति रु ६२०१४६७८०.२४ सहित रु६४२११९३३४.२८ को आय ब्यय तयार भएकोमा हिसाव समायोजन रु १९०८३५.०६ उल्लेख भएकोमा एकिन गरि हिसाव समायोजनको प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९०,८३५ |

३.६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १,४३,६०,६७९.२७ | ६४१८२१०.७७ | ७९४२४६९ |
| चालु खर्च खाता | (१२,७५०.००) | २४२९८८७।४२ | -२४४२६३७ |
| पुँजीगत खर्च खाता | | ४०६३०६३।३० | -४०६३०६३ |
| आन्तरिक अनुदान खाता | | ७२५५२० | -७२५५२० |
| विविध खर्च खाता | १३,३१,१७३.६३ | १३११२७२.९३ | १९९०१ |
| विपद व्यवस्थापन खाता | ११,७९,५८०.०० | ११७९५८० | ० |
| स्थानीय विभाज्य कोष | | | |
| कर्मचारी कल्याण कोष खाता | | ३०००००० | -३०००००० |
| धरौटी | ६८,२४,६३५.२२ | ६८२४६३५.२२ | |
| ग१.१, आन्तरिक राजस्व खाता | | 0 | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | | ७७४१३५.३१ | -७७४१३५.३१ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३.७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २४२९८८७।४२, पुँजीगत खातामा रु. ४०६३०६३।३० आन्तरिक राजस्व खातामा रु.०, राजस्व बाँडफाँट खातामा रु. ७७४१३५.३१ समेत रु.७२६७०८६।०३ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

४ **संघिय संचितकोष फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,३४५,६८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५ **बजेट तथा कार्यक्रमः**

५.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४८,९१,२५,८७७। | ४०,९६,७१५। | ०.८३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०. ८३प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०८१ मा रु. ५५ करोड २६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २३२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० 6. लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २३२ | ८ | ४४ | १८० |
| २. | वडास्तरीय | | ० | ० | ० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१४ जनामात्र कार्यान्वियन भई १२ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

५.४ **लक्ष्य प्रगति :** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% माथि प्रगति |
| कार्यक्रम संख्या | २३२ | १२ | ० | ० | २२० |

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,२९,५४,७१९.०० | ५,१२,५२,५००.०० | ९६.७९ |
| २ | पूर्वाधार विकास | ३,४३,८४,१०१.०० | २,९१,५८,७९६.०० | ८४.८ |
| ३ | सामाजिक विकास | ३१,५७,७६,२६१.६० | २९,७३,०९,८५३.३७ | ९४.१५ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,३०,४०,०००.०० | १,००,०४,८८५.०० | ७६.७२ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,६४,९९,४५४.४७ | ११,४८,२३,६२२.७३ | ८४.१२ |
| जम्मा | | ५५,२६,५४,५३६.०७ | ५०,२५,४९,६५७.१० | ९०.९३ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ५५,२६,५४,५३६.०७ मा सबैभन्दा बढी ९६.७९ प्रतिशत र सबै भन्दा घटीमा ७६.७२ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना अनुसार क्षेत्रगत बजेट खर्च सन्तुलित बनाउनु पर्दछ।

**खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ४०९६७१५।०० राजस्व बाँडफाँट र अनुदानबाट रु ५८५६५१७९० समेत रु ५०,९७,४८,५०५.७७ आम्दानी भएकोमा चालु तर्फ रु ३७,६६,५७,५०९.१० र पूँजिगत तर्फ रु १२,५८,९२,१४८ र वित्तीय ब्यबस्था तर्फ रु ० समेत रु ५०,२५,४९,६५७.१० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८१ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु ७८,८१,३८० खर्च भएको छ जुन आन्तरिक आयको १७२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७५ प्रतिशत चालु र २५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ६ आन्तरिक आयः

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क(१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । पालिका लगायत अन्य सार्वजिनिक निकाय तथा व्यक्तिगत तवरबाट निर्माण कार्य भईरहेको अवस्थामा निर्माण सामग्री प्रयोग भईरहेको सहजै आंकलन गर्न सकिन्छ ।पालिकाले यस वर्ष स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गरी सो बापत राजस्व संकलन गरेको पाइएन । पालिकाले आफ्नो क्षेत्रबाट दहत्तर बहत्तर विक्रि नगरेकोमा नगर्नुको कारण र गरेको भए सो बापतको राजस्व सम्बन्धमा एकीन हुनुपर्ने देखिन्छ । पालिका क्षेत्र को सेती नदीमा गट्टि बालुवा ढुङ्गाको आय ठेक्का नलगाउनुको कारण स्पष्ट गरेको छैन

## ७ वार्षिक खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२,५८,९२,१४८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८ **खरिद तथा ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

९ **सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति, उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

| सम्पत्ति | संख्या | प्राप्त मिति | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| | चौडाखान ५३० व. मि. | २०७४।०१।२७ | | |
| | भामचौर स्वास्थ्य चौकी १५१० व. मि. | २०६७।०२।०९ | | |
| | भामचौर स्वास्थ्य चौकी २०४० व. मि. | २०७०।०८।२० | | |
| | टुँडीखेल २८२५ व. मि. | २०७६।०१।१६ | | |
| | आधारभूत स्वास्थ्य केन्द्र भाटसैन १८९० व. मि. | २०७५।०९।११ | | |
| | रायल प्राथमिक स्वास्थ्य केन्द्र ९०९८ व. मि. | २०७५।०९।११ | | |
| | भैरवनाथ स्वास्थ्य चौकी १५१० व. मि. | २०६७।०२।१६ | | |
| घर जग्गा क्षेत्रफल र संख्या सहित | गाउँपालिकाको कार्यालय देउला १०६३५ व. मि. | २०७४।०४।०१ | ३७२९०१२२ | दान दातव्य बाट खरिद |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | Discover bike १ | २०७७।०५।३१ | २२०९०० | |
| | Apache bike १ | २०७७।१२।२४ | २६१९०० | |
| | Hondashine bike १ | २०७७।१२।१३ | २४७१०० | |
| | Yamaha szrr bike १ | २०७८।१२।०६ | २६४९०० | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | Pulsar 220 १ | २०८०।०९।०९ | ३५३८९३।८१ | |
| | बोलेरो जिप १ | २०८०।०३।२० | २७२५६६३।७२ | |
| | स्बार्भी १ | २०७५।१०१९ | ४१५७६०० | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | स्काभेटर १ | २०८०।८।२६ | ११४०००० | |
| | ब्याकहो लोडर १ | २०८०।०४।१२ | ४२४९००० | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | छैन | | | |
| अतिक्रमणमा परेको जग्गा | छैन | | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | छैन | | | |

माथि उल्लिखित कतिपय जग्गाहरु खरिद गरीएको भएता पनि खरिद मूल्य सम्बन्धी विवरण उपलब्ध नगराइएबाट कार्यालयमा अभिलेख व्यवस्थापन राम्रो नभएको पुष्टी हुन्छ । तसर्थ, जग्गा प्राप्तिको मूल्य विवरण कार्यालयले अद्यावधिक गर्नु पर्दछ ।

१० **परामर्श तथा डीपिआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| शीत गृह | अनफ्लो इन्जिनियरिङ्ग कन्सट्रक्सन | ५००००० | ४९८८६४।४५ | २९२७७९७२।४६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

## ११ सेवा प्रवाहको अवस्था

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकाले स्थानीयवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क: सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्याबधिक गरिनु पर्दछ।पालिकाबाट उपलब्ध विवरण अनुसार यो वर्ष प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| वडा नं | नागरिकता सिफारिस | नाता प्रमाणित | अन्य सिफारिस |
|---|---|---|---|
| १ | १०३ | ४२ | ७८२ |
| २ | ८४ | १४ | ३९८ |
| ३ | ५८ | २१ | ४७७ |
| ४ | १६० | २३ | ५४६ |
| ५ | ९६ | २७ | ६४५ |
| ६ | ६९ | ५६ | ९८३ |
| ७ | १३५ | २१ | ५१६ |
| ८ | ७८ | २५ | ५७६ |
| ९ | ११० | ४५ | ७१० |

## १२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, २ नियमावली, ४६ कार्याविधि ४ निर्देशिका समेत ६४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि

मुल्याउन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

## १३ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले O & M सर्भे गरी मिति २०८१।३।१० गतेको पन्ध्रौ गाउँसभाको तेस्रो बैठकबाट प्रमुख प्रशाशिय अधिकृत सहित ८० जना कर्मचारीको दरबन्दी स्वीकृत गरेको छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ जना र ९ वटा वडामा २७ जना समेत ८० जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित पालिकामा १८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका महत्पूर्ण अधिकृत पद सहित ३५ पद रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## १४ महोत्सव तथा अन्य खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष १६ वटा उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक र १२ जनालाई आर्थिक सहायता जस्ता कार्यमा रु २०२१५३५।०० खर्च गरेको छ ।यस प्रकारको अनुत्पादक खर्च नियन्त्रण गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्दछ ।

| सि नं | व्यहोरा | रकम रु |
|---|---|---|
| १ | विभिन्न १२ जनालाई आर्थिक सहायत वितरण | ६२५००० |
| २ | विभिन्न १४ मेला महोत्सव पर्व खर्च | १४२६५३५ |

## १५ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर गाउँपालिका वित्तीय समानिकरण अनुदान चालु खर्च तथा शशर्त चालुबाट पालिकाले देहायअनुसार , शैक्षिक सेवा, खेलकुद, साँस्कृतिक कार्यक्रम संचालन, लगायत बिभिन्न कार्यका लागि अनुदान खर्च लेखेको केही उदाहरण निम्न अनुसार छन् :

| क्र सं | गो भौ /मिति | भुक्तानी पाउने | भुक्तानी प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १४८।०८०।८।२९ | बझांगदिप क्याम्पस | सु प वि वि आंगिक क्याम्पस बनाउन | ८००००० |
| २ | ५०७।०८०।२।१० | भैरब मा वि | प्राविधिक विद्यार्थीलाई छात्रबृति सहायत | २२०००० |
| ३ | शशर्त२२५।०८०।३।११ | भैरब मा वि | प्राविधिक शिक्षा संचालन अनुदान | ७००००० |
| ४ | शशर्त३३४।०८०।३।२३ | भैरब मा वि | पढ्दै कमाउदै अनुदान | ५००००० |

बितरित अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१६ **सहकारी ब्यबस्थापनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र वटा १२ सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण कुनै सहकारीले दाखिला गरेको पाईएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१७ **सफ्टवेयरः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु १९,९७,८४०। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

| सिन | खरिद मिति | सफ्टवेयरको नाम | प्रयोजन | रकम | कैफियत | खरिद आ व |
|---|---|---|---|---|---|---|
| १ | २०८०।०२।१० | Grievance Management System, Record Management, E-Recommendation, Planning and Monitoring Information System Software and Integartion Developed Software into Single Platform | Grievance Management System, Record Management, E-Recommendation, Planning and Monitoring Information System Software | १९,९७,८४०। | सफ्टवयर System सञ्चालनमा रहेको | २०७९।०८० |
| २ | | गुनासो गर्ने Software | गुनासो गर्ने प्रयोजनका लागि | | | |

१८ **न्याय समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १० गरी कुल विवाद दर्ता भएकोमा ९ वटा मात्र फस्योंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | |
| पुँजीगत खर्चतर्फ | १२,५८,९२,१४८ | १,३७,९७,५१६. | २,६७,९८,४९२. | ८,५२,९६,१४०. | ३,२७,००,४५५ |
| प्रतिशत | १०० | १०.९५ | २१.२८ | ६७.७५ | २५.९७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १२,५८,९२,१४८ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,३७,९७,५१६. (१०.९५प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २,६७,९८,४९२. (२१.२८प्रतिशत) तेस्रो त्रैमासिकमा रु. ८,५२,९६,१४०.००(६७.७५प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.३,२७,००,४५५ (२५.९७प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.२३९००००बाँकी रहेको देखिन्छ । मोबिलाइजेशन पेश्की सम्झौताको शर्त अनुरुप समयमा फस्र्छ्यौट हुनुपर्दछ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| पेश्की गएको मिति | पेश्की फछ्र्यौट गर्नुपर्ने मिति | पेश्की लानेको नाम | बिबरण | मोबिलाइजेशन पेश्की |
|---|---|---|---|---|
| २०८१।३।६ | २०८१।८।१२ | बेताल भगवती निर्माण सेवा | रातामाटी थौल्याम सडक निर्माण | ७७०००० |
| २०८०।११।११ | २०८२।३।१५ | रातादूङ्गा नुरा बि एल कि जेभी | शीत भण्डार गृह निर्माण | १६२०००० |

२१ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) (क) मा विल विजकको भुक्तानीमा कट्टी गरिएको रिटेन्सन मनि बापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले जुब खानेपानी योजना र महरगाउँ खानेपानी निर्माणको लागि मुनाल कन्सट्रक्सनबाट लिएको धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न नगरी धरौटी रकम रु. ६,२८,३२८ फिर्ता गरेको देखिएकोले मु. अ. कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२८,३२८ |

२२ **कर कट्टीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,१०३,८५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२३ **गाँउपालिका पुँजिगतः**

२३.१ झोता खेलकुद मैदान निर्माणः सार्वजनिक खरिद ऐन ,२०६३ तथा नियमावली २०६४ अनुसार सार्वजनिक निर्माण कार्यको लागत अनुमान ,प्राविधिक मुल्यांकन, नापी किताव र कार्य सम्पन्न प्रतिदेदन को आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । झोता खेलकुद मैदान निर्माण कार्यको भुक्तानी गर्दा लागत अनुमान ,प्राविधिक मुल्यांकन, नापी किताव र कार्य सम्पन्न प्रतिदेदन वेगर भुक्तानी गरेकोले प्रमाण पेश हुनुपर्दछ।

| गौश्वरा भौचर | काम | भुक्तानी पाउनेको नाम | रकम | विवरण |
|---|---|---|---|---|
| १७ | झोता खेलकुद मैदान निर्माण | धर्मराज गिरी | १५०००० | इन्धन रु ९९१६० डोरहाजिर रु५१००० |

| प्रमाण पेश नगरेको | १,५०,००० |
|---|---|

२३.२ **नाफामूलक संस्थालाई अनुदान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष बाह्रदेव ज्यावन क्याम्पस लाई संचालन तथा व्यवस्थापन खर्च अनुदान दिएको रकम नियमित हुनुपर्दछ।

| **क्र सं** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| १ | बाह्रदेव ज्यावन क्याम्पस | संचालन तथा व्यवस्थापन खर्च | ८००००० |

| अनियमित भएको | ८,००,००० |
|---|---|

२३.३ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२३.४ **जनश्रमदान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| **गोभौनं./मिति** | **उपभोक्ता समिति र काम** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** | **भुक्तानी रकम** | **उपभोक्ताले व्यहोर्ने %** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|---|---|
| २४९।२०८०।३।२४ | बागथाल सुदाडा भामचौर सडक तटबन्ध उस | १३४७३११ | रु ५३५४९३ | रु ५२४७६१ | १०.४५ | ४५२२७ |

| असुल गर्नुपर्ने | ४५,२२७ |
|---|---|

२३.५ सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले आकस्मिक खानेपानि व्यवस्थापन तथा मर्मत कार्य रु ९९७४७९. र आकस्मिक सिचाइ व्यवस्थापन तथा मर्मत कार्य रु ९३१६०५. कृषि तथा पशुपन्छी कार्यक्रम (महामारी सहितको रोग नियन्त्रण) रु गरी रु१०००००००. अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२४ **शीर्षक विपरित खर्च:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा २ मा सशर्त अनुदान नेपाल सरकारले तोकेको शर्तको पालना गरी खर्च गर्नुपर्नेमायस वर्ष पालिकाले स्वयं सेवक शिक्षकको तलबमा रु ९४९४९११।०० र विद्यालयका कर्मचारी तथा बालविकास

सहयोगी कार्यकर्ताको गाउँपालिकाले थप गर्नुपर्ने तलब रु ७६१७५९४।०० समेत शशर्त शिक्षा चालुबाट भुक्तानी गरेको पाइयो ।सो शर्त विपरीत खर्च लेखेकोले उक्त रकम संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७१,१२,५०५ |

२५ **करार कर्मचारी**

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लिखित पदमा बाहेक विभिन्न ३ कर्मचारी नियुक्त गरी तलबमा रु १३१३१७८।० भुक्तानी गरेको पाइयो । तसर्थ रिक्त दरबन्दीको पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गर्नु पर्दछ।

| सि नं | पद | कर्मचारीको नामथर |
|---|---|---|
| १ | अ सब इन्जिनियर | उतम बहादुर भण्डारी |
| २ | अ सब इन्जिनियर | चक्र बहादुर बोहोरा |
| ३ | अ सब इन्जिनियर | नर बहादुर खडायत |

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रमको लागि नेपाल सरकारको रु ४५०००००।०० र विश्व बैकको रु ४४०००००।० समेत कूल रु ८९०००००।० बजेट व्यवस्था भएकोमा नेपाल सरकार तर्फ रु ४२८२२४९।०० र विश्व बैक तर्फ रु ३९८३५१८।० समेत कूल रु ८२६५७६७।०० खर्च भएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण दिए तापनि पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादन मुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन भएको पाईएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण तथा मर्मत , विद्यालयका पर्खाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष पालिकामा कूल २७५५ बेरोजगार सूचिकृच रहेकोमा ११ योजनामा ९६ जनालाई रोजगारी उपलव्ध गराई रु. ६१२२०२६।४० ज्याला खर्च गरेको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला भुक्तानी गरेको छ भने प्रशासनिक र कार्यक्रम खर्च समेत कूल रु ८२६५७६७ ।०० खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन। अत:दीर्घकालिन रोजगारी सृजना गर्ने गराउने तर्फ ध्यानाकर्षण हुनु पर्दछ।

२७ **सार्वजनिक सुनुवाई**

स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानिय तह कार्यालयमा पठाउनुपर्नेमा सो गरेको पाइएन। साथै पालिकाले सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

२८ **आन्तरिक लेखापरीक्षण**

२८.१

**गाडी भाडाको बहाल कर:** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम कुनै पनि व्यक्ति र फर्मलाई भाडा वापतको रकम भुक्तानी गर्दा कर बिजकमा १० प्रतिशतका दरले बहाल कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।भौचर नं. २१६ गुरेना घट्टेकुलो निर्माण वडा नं. ५ ले पेश गरेको रू.१६,०००। बराबरको गाडीभाडा बापतको भरपाइमा बहाल कर बापत रू.१६,००। कट्टी गरि भुक्तानी हुनुपर्नेमा रू.१५१ मात्रै कट्टी गरेको देखिएकोमा बाकि रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४९ |

२८.२ **बहाल कर:** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम कुनै पनि व्यक्ति र फर्मलाई भाडा वापतको भुक्तानी गर्दा कर बिजकमा १० प्रतिशतका दरले बहाल कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले कनाडा सिम सिचाई कूलो वडा नं. १ क्रमागत उपभोक्ता समितिले धनगढी देखि साइट सम्मको रू.३८,००० बराबरको गाडीभाडा भुक्तानी गरेको भरपाइ पेश गरेकोमा उक्त भरपाइमा नियमानुसार कट्टी गर्नुपर्ने १० प्रतिशत बहाल कर नघटाइ भुक्तानी दिएकोले बहाल कर बापतको उक्त रकम सम्बन्धीत उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८०० |

२८.३ **जरिवाना बापतको रकम :** सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ दफा १५(१) रकम बिनियोजन भएको अवस्थामा धारा तथा बिजुलीको महसुल समयमा भुक्तानि नगरी जरीवाना तिर्न पर्ने अवस्था आएमा त्यस्तो जरीवाना बापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट दामासाहि रुपले असूल उपर गरिनेछ । तपसिल बमोजिमका कार्यालय प्रमुखहरुले समयमा भुक्तानी गरी छुट सहुलियत लिनुपर्नेमा जरीवाना तिर्दा कार्यालयलाई थप आर्थिक भार पर्न गएको छ । यस्तो कार्यमा सुधार हुनुपर्दछ । जरीवाना तिरेको केहि उदाहरण निम्नानुसार रहेको छ ।

| भौचर नम्बर | कार्यालय | कार्यालय प्रमुख | जरीवाना रकम | कैफियत |
|---|---|---|---|---|
| | वडा न ४ को कार्यालय | अमर भण्डारी | १८५६ | |
| ३२ | गा. पा. र रायल प्रा. स्वा. केन्द्र | पदमराज उपाध्याय र बिनोद लामा | ३८४८ | |
| ५३८ | वडा नं. ४ को कार्यालय | अमर भण्डारी | ३९३ | २५प्रतिशत जरीवाना |
| जम्मा | | | ६०८७ | |

२८.४ **लेखापरीक्षणबाट औंल्याएका बेरुजु**

- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले गाउपालिकामा कार्यरत स्वास्थ्य र आयुर्वेद तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराउदा ग्रेड संख्या यकिन गर्न सकिएन । शसर्त अनुदान शिर्षकबाट तलब भत्ता भुक्तानी हुने कर्मचारीहरुलाई ऐनमा व्यवस्था भए बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्रै खर्च लेख्नुपर्दछ ।
- स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले रु. ६५ लाख राजश्व अनुमान गरेकोमा रु.४०,९६,७१५।५७ संकलन भएको देखिन्छ । उक्त रकम अनुमानभन्दा रु. २४,०३,२८४।४३ ले घटी हो ।
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ अनुसार कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो रकम असुल गर्न सकिने व्यवस्था छ।पालिकाले २०८० साउन देखि लागू हुने गरी कार्यालयले देउरा बजारमा रहेको नेपाल इन्भेष्टमेन्ट बैक लि. को घरभाडा मासिक रु.२१,७०० का दरले तिर्ने गरी सम्झौता गरेको छ । यस्तो परिपाटिको अन्त्य हुनुपर्दछ ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ।पालिकाले कार्यपालिकाको निर्णय नं. ८ मा साउन देखि लागू हुने गरी कवि रावललाई दैनिक ज्यालादारीमा शाखा सडक सरसफाइमा जिम्मेबारी र भुकम्प पिडितमा काम गरेको भनि दैनिक रु.९०० का दरले भुक्तानी गरेको छ । कानूनले तोकेको भन्दा फरक पदमा कर्मचारी नियुक्ति गरी भुक्तानी गर्नु हुदैन ।
- आन्तरिक लेखापरीक्षण कार्यविधि निर्देशिका को दफा ३.२.१६(६) कार्यालयको बजेटबाट शुभकामना सन्देश दिन नपाउने व्यवस्था छ। सार्वजनिक खर्चलाइ प्रभावकारी तथा मितब्ययी बनाउने सम्बन्धि मापदण्ड, सरकारी खर्चमा शुभकामना कार्ड छपाइ गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइनेमा पालिकाको कार्य नियमसम्मत देखिएन ।
- सु.प. प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीले न्यायिक सहजकर्ता राख्न पाउने व्यवस्था छैन। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको दरवन्दी भन्दा फरक पदमा कर्मचारी राख्न नहुने उल्लेख गरेको छ।पालिकाले यस वर्ष प्रत्येक वडामा १।१ जना न्यायिक सहजकर्तालाई मासिक रु.८,००० का दरले भुक्तानी गर्ने गरि करार सम्झौता गरेको पाइयो । कानूनले तोकेको भन्दा फरक पदमा कर्मचारी नियुक्ति गरी सरकारको कोष माथि आर्थिक व्ययभार बढाउने कार्य बन्द गर्नुपर्दछ।

२८.५ **सुची दर्ता नभएका फर्मसँग कारोबार**:

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८.६ **अध्ययन बिदा अवधिको भत्ता:** निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम ४ मा अध्ययन बिदामा बस्दा निजामती कर्मचारीले तलब मात्र पाउने व्यवस्था छ। त्यस्तै स्वास्थ्य नियमावली, २०५५ को नियम ५३ (४) मा अध्ययन विदामा बस्दा कर्मचारीले तलबका अतिरिक्त अन्य सुविधा पाउने व्यवस्था छैन।पालिकाले रायल प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्टाफ नर्स अनिता बोहरालाई अध्ययन बिदाको अबधीमा बैशाख, जेठ र असार महिनामा भुक्तानी गरेको स्थानीय भत्ता साथै तपसिल बमोजिमको अन्य भत्ता असूल हुनुपर्ने रु.५७,१३०

| भत्ताको किसिम | भत्ता भुक्तानी भएको महिना | भुक्तानी दर | रकम |
|---|---|---|---|
| स्थानीय भत्ता | ३ | ७,७१० | २३,१३० |
| महगी भत्ता | १२ | २,००० | २४,००० |
| पोषाक भत्ता | १ | १०,००० | १०,००० |
| जम्मा | | | ५७,१३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,१३० |

२८.७ **ब्लुबुक नविकरण गर्दा जरिवाना:** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५ (१) मा सरकारी रकम खर्च गर्दा मितव्ययी तरिकाले जरीवाना तिर्न नपर्ने गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।तपसिल बमोजिमका शाखाको जिम्मामा रहेको सरकारी मोटरसाइकलको ब्लुबुक नवीकरण गर्दा जरीवाना तिरेकोले रकम नियमित हुनुपर्दछ।

| भौचर नं र मिति | शाखा वा कार्यालय | सवारी नम्बर | जिम्मेबार व्यक्ति | जरिवाना बापतको रकम |
|---|---|---|---|---|
| ६२३ | लघुउघम शाखा | से. १ ब. ६२९ | नरेश बहादुर जेठारा | १,१०० |
| ६५५ | वडा नं २ को कार्यालय | से १ ब ७३५ | रोशन खडायत | १,३०० |
| जम्मा | | | | २,४०० |

| | |
|---|---|
| अनियमित भएको | २,४०० |

२८.८ **सवारी साधन खरिद;** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ। पालिकाले यस वर्ष सो व्यवस्था विपरित एक थान मोटरसाइकल खरिद गरेकोछ। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२८.९ **सुची दर्ता नभएका फर्म:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८.१० **पाईप वितरण:** सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ को ५ मा सार्वजनिक निकायले कुनै पनी खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने र ५ (क) मा त्यस्तो लागत अनुमान स्वीकृत गराई त्यसको अभिलेख राख्नुपर्ने व्यवस्था छ। भौचर नं. २० मा आकस्मिक पाईप खरीद शिर्षकबाट निलम हार्डवेयर एण्ड सप्लायर्सलाई अर्डर स्लीपको आधारमा H.D.P.E. पाईप ३५०० मिटरको भ्याट सहित जम्मा रू.२,३३,२३२ भुक्तानी भएको छ । भर्पाइको आधारमा ११ जना व्यक्ति तथा संस्थालाई ३४०० मिटर पाईप वितरण गरेकोमा १०० मिटर पाईपको प्रमाण पेश हुनुपर्ने रु. ६,६६६।७७

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६६६.७७ |

२८.११ **बहाल कर:** आयकर ऐन, २०५८ को दफा ८८ (५) बमोजिम बासिन्दा व्यक्तिले भाडा भुक्तानी गर्दा १० प्रतिशतका दरले बहाल कर कट्टी गर्नुपर्ने व्यवस्था छ।भौचर नं २३५ मिति २०८०।१०।८ मा मेलमिलापकर्तालाई ४८ घण्टे (८ दिन) आधारभूत तालिम खर्च बापत नरेश बहादुर जेठारालाई भाडा भुक्तानी गर्दा १० प्रतिशत कर कट्टा गरी बाकि रकम भुक्तानी गर्नुपर्नेमा होटेलका कोठा संख्या ६६ को जम्मा रु.५८,२०० भुक्तानी भएकोमा रु.५,८२० बराबरको बहालकर कट्टी नभएकोमा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८२० |

२८.१२ **कन्टीन्जेन्सी रकमबाट आर्थिक सहायता:** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार कन्टिन्जेन्सीको रकम तोकिएको योजनासँग सम्बन्धित काममा मात्र खर्च गर्न पाइने व्यवस्था छ।भौचर नं.३६५ मा पालिकाले संगीता कुमारी रोकायालाई पर्वतारोहण बापत रु.५०,००० आर्थिक सहायता भुक्तानी गरेको छ। यस्तो आर्थिक सहायतामा भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२८.१३ **सक्कल बिल पेश हुनपर्ने:**

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१३४,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८.१४ **अन्य निकायको खर्च:** एक बजेटरी निकायले अर्को सरकारी निकायलाई कानून बमोजिम सशर्त वा निशर्त अनुदान र निकाशा दिनसक्ने व्यवस्था भएपनी आफ्नो आन्तरिक आय न्यून भएको अवस्थामा संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम अर्को कार्यालयलाई भुक्तानी दिन मिल्ने कानूनी आधार देखिदैँन। आफ्नो आर्थिक दायित्व भित्र समेत नपर्ने जिल्ला प्रहरी कार्यालय बझाङले पेश गरेको रिटेनिङ वाल निर्माण बापतको रकम पालिकाले कार्यपालिकाको निर्णय गरि निर्माण व्यवसायि जनकल्याण निर्माण सेवालाई भुक्तानी गर्दा पालिकालाई थप आर्थिक भार पारेको देखिएकोले उक्त खर्च नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १,७२,५०५ |

२८.१५ **कर समायोजन:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मु. अ. कर विजक जारी गरेका संस्थासँग कारोबार गर्दा मु. अ. कर १३ प्रतिशतको ३० प्रतिशत कट्टी गरी कार्यालयले सोही फर्मको नामबाट आन्तरिक राजश्व कार्यालयमा जम्मा गरिदिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले एभरेष्ट वायरलेस नेटवर्क प्रा. लि. लाई इन्टरनेटको बिल भुक्तानी गर्दा घटाउनुपर्ने मु. अ. कर बापतको रु.३२,०३२ नघटाइ पुरै रकम भुक्तानी गरेकोमा सम्बन्धित इन्टरनेट सेवा प्रदायकले मु.अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने । त्यस्तै आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम कुनै पनि व्यक्ति र फर्मलाइ भुक्तानि गर्दा कर बिजकमा १.५ प्रतिशतका दरले अ आ कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले उक्त फर्मबाट आयकर बापतको रकम असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०० |

२९ **भुकम्प पिडितलाई अस्थायी आवास निर्माण**

भुकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० को परिच्छेद २ मा लाभग्राहीको पहिचान गर्दा भुकम्पका कारणबाट निजी आवास पूर्ण रुपले क्षति भएका वा आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अनुसुचि १ बमोजिम स्वघोषणा सहितको निवेदन र वडाको सिफारिसका आधारमा स्थानीय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन समितिले स्विकृत गरेका परिवारलाई अस्थायी आवास लाभग्राही कायम गरिने व्यवस्था छ। पालिकाले वडा नं ६ मा अस्थायी आवास निर्माणका लागि द्रौपति वि. क. लाई पहिलो किस्ताको रकम रु.२५,००० निकासा गरेको देखियो। निजको सर्जमिन मुचुल्का, नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा वडाको सिफारिसका साथै पूर्ण वा आंशिक रुपले क्षति भएता पनि बसोबास गर्न योग्य नरहेको संरचनाको फोटो लेखापरिक्षणको क्रममा उपलब्ध भएन। निजले दोस्रो किस्ताको लागि पहिलो किस्ता बमोजिम उपलब्धि भए नभएको व्यहोरा संलग्न गरी निवेदन दिएको पाइएन।पहिलो किस्ता बमोजिमको उपलब्धी नभएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

३० **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि ,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न

सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २३७८ जना रहेका छन। पालिकाले ग्लोलोव ड्रग सप्लायर्स धनगढीबाट २९१२४ पाकेट ( २९१२४० थान) स्यानिटरी प्याड रु. ७८९८४२।८८ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

३१ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | कार्यरत शिक्षक संख्या | स्थायी | अस्थायी | राहत | शिक्षण सिकाइ | निजीस्रोत | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २६२ | ११२ | ३० | २१ | २१ | ७८ | ६९१२ |

यस प्रकार समग्रमा शिक्षक विद्यार्थी अनुपात १:२६ हुने देखिन्छ ।कार्यालयले विद्यालयगत रुपमा न्युन विद्यार्थी रहेका विद्यालय एकिकृत गरी शिक्षक विद्यार्थीकोअनुपात मिलाउनु पर्दछ ।

३२ **समानीकरण अनुदानबाट शिक्षकको तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ७८ जना स्वयंसेवक शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट प्रथम त्रैमासिकको रु. ३३११८४४।० तलब भुक्तानी गरेको पाईयो ।अत: दरबन्दी स्वीकृत वेगर शिक्षक भर्ना गरी तलब भुक्तानी गर्ने कार्य नियम विपरित भएकोले दरबन्दी मिलान गरी स्वीकृत दरबन्दी अनुसार तलब खर्च लेख्नुपर्दछ ।

३३ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका यस वर्ष ८०० थान को रु.४२२८०।० मा खरिद गरेकोमा गत यस वर्ष २५० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५५० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३४ **अनुगमन**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकोले कार्यविधि अनुसार कार्य भएको छैन।

३५ **एकै नागरिकता नम्बरबाट भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था छ। पालिकामा एउटै त्रैमासिकमा एउटै नागरिकता नं बाट फरक फरक व्यक्तिको नाममा निकासा हुने गरेको देखिन्छ। नमुना परिक्षणबाट परिक्षण गर्दा एउटै नागरिकता नम्बरबाट फरक

फरक वडाको फरक फरक व्यक्तिको नाममा भुक्तानी भएकोले लाभग्राही पहिचान गरी सही नागरिकता यकिन गर्न पालिकालाई ध्यानाकर्षण गराउँदछौ।

| नामथर | नामथर | ना प्र नं |
|---|---|---|
| अजिभान भण्डारी | चन्नी दमाई | ८५ |
| अक्कल बहादुर मल्ल | ललितजंग शाही | ४३ |
| भिम सुनार | जस्सो गुर्धामी | २५४ |
| हर्क देवी भण्डारी | धन रावल | ७१३०३२।८७४ |
| दले दमाई | गंगादेवी मल्ल | ४६८ |
| हरुदेवी खत्री | जुनादेवी खत्री | ७१३०३२।३६६ |
| बिस्ने बोहरा | सुशिला कुमारी वि क | २६१ |
| शान्ती कुमारी धामी | करे बोहरा | ३४ |
| दुर्गा देवी मल्ल | धउले धामी | २०६ |
| जयसिंह बोहरा | लाल बहादुर भण्डारी | २२२ |
| धनी कामी | टंक कामी | ७११०३३- ४४५ |
| रँगी भट्ट | करसिंह धामी | ३७३ |
| गोर्खा सार्की | जयमान भण्डारी | २७७ |
| नन्दी बोहरा | रानी बोहरा | ८४ |
| रुदकी देवी कामी | खन्ति देवि ओड | १८४ |
| रंगमति देवी बोहरा | बटु खाति | ७१३०३३ |
| उजलि चनारा | लक्ष्मी कुमारी गिरी | १६९१ |
| प्रताप चन्द | धन्वा कामी | ५२६ |
| प्राते बोहरा | गम्भिर धामी र प्रभाते धामी | १२९ |
| महामति देवी विष्ट | किट्डि देवी भण्डारी | ७१३०३२।२७१ |
| सग्रांम लुहार | राजमल खाती | ४९९४ |
| दले चुनारा | पठान थापा | ५४६ |

३६ **एम. आई. एस. प्रणाली**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित निकायको हुने व्यवस्था छ।यस पालिकामा मृत्यु दर्ता प्रमाणपत्र एवं बसाइँसराइ गरेको विवरण समयमा प्राप्त हुने व्यवस्था गर्ने र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक गरी एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावली हटाइएको व्यक्तिको विवरण एम. आई. एस. प्रणालीमा समय समयमा अद्यावधिक गरी केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनु पर्दछ।

३७ **पारदर्शिता र जवाफदेहिता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी ( लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर प्राप्त हुने बैङ्क र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानिय एफ एम लगायतका संचारका माध्यमहरुबाट प्रचारप्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेका साथै सम्बन्धित स्थानिय तहको वेभ साइट मार्फत सार्वजनिक गर्नुपर्दछ।

३८ **लाभग्राहीको विवरण प्रविष्ट गर्ने**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत बाहेकका नविकरणका लागि लाभग्राही स्वयम् उपस्थित भई नियम निवेदन गरेकोमा वडा समितिबाट नविकरण भई आए पश्चात MIS मा प्रविष्टी गरी नविकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नविकरण नभएका लाभग्राहीको लागत कट्टा गरी निजको पुन लाभग्राहीमा सुचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीमा असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ ।पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार कार्य गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : केदारस्युँ गाउँपालिका, बझाङ , केदारसु गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Padam Raj upadhayay | २०७८-१२-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कालुराम चौधरी | २०८०-२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५८,२२६ | ९७४,९०५ | २३,७१५,८५८.८९ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २४,८४८,९८९.८९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्योट गरी संपरीक्षण भएको रकम रु.** | २,५९९,५३८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २२,२४९,४५१.८९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २१९७२५५४.०४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९७८२१८४८.४ | **चालु खर्च** | ३७६६५७५०९.१ |
| **प्रदेश सरकारबाट अनुदान** | २०२९०४२० | **पूँजीगत खर्च** | १२४५४६४६१ |
| **राजश्व बाँडफाँट** | ७८२५५४७२.४६ | **वित्तीय/अन्य व्यवस्था** | ११४१८९०६० |
| **आन्तरिक आय** | ४०९६७१३.० | | |
| **अन्य आय** | ११९६८२३२६.४१ | | |
| **कुल आय** | ६२०१४६७८०.२७ | **कुल खर्च** | ६१५३९३०३०.१ |
| **बाँकी मौज्दात** | | २६७२६३०४.२१ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।